जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४० | म.जि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ४३ | अंक २८ | २०८१ साल फागुन ११ गते आइतवार (23 Feb. 2025 Sunday) | मूल्य रु. ७/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** विटौरी जग्गाको समस्या समाधानका ... **पृष्ठ ३ मा :** विद्यार्थी संख्याका कारण ... **पृष्ठ ४ मा :** प्रजातन्त्रका लागि नेपाली ... **पृष्ठ ५ मा :** संविधान बनाउने दलहरु ...

# नेपाली तीर्थयात्रु सवार स्कारपियो दुर्घट्नामा तीन महिलासहित चार नेपालीको मृत्यु, पाँच जना गम्भीर घाईते

**राजविराज**/भारतको उत्तर प्रदेशस्थित प्रयागराजमा लागेको महाकुम्भमा स्नान गरी फर्किरहेका तीन महिलासहित चार नेपाली तीर्थयात्रुको दुर्घटनामा परी मृत्यु भएको छ । सोही दुर्घटनामा पाँच जना घाइते भएका छन् ।

मृत्यु हुनेहरुमा तीन जना सप्तरीको कंचनरुप नगरपालिका तथा एक जना छिमेकी जिल्ला सुनसरीको कोशी गाउँपालिकाका छन ।

इलाका प्रहरी कार्यालय कंचनपुरका प्रहरी नायब उपरिक्षक महेन्द्र नेपालका अनुसार मृत्यु हुनेहरुमा कंचनपुर नगरपालिका ७ की ५५ वर्षिया लिलावती चौधरी, ५८ वर्षिय परशुराम चौधरी र सोही पालिकाको वडा नं ५ कि ५६ वर्षिया हरिहर देवी यादव छन ।

यस्तै दुर्घटनामा सुनसरीको कोशी गाउँपालिका २ कि ५८ वर्षिया सन्तोलीया देवी यादवको पनि मृत्यु भएको परिवारजनलाई उद्धत गर्दै प्रहरी नायब उपरिक्षक नेपालले जानकारी दिए ।

दुर्घट्नामा मृतक लिलावतीका श्रीमान उपेन्द्र र हरिहर देवीका श्रीमान जीतु यादव सहित झस्याँच जना गम्भीर घाईतेका छन । अन्य घाईतेहरुमा उदयपुरको चौदण्डी नगरपालिका २ का पपितलाल चौधरी उनका श्रीमती बिणा देवी चौधरी र कंचनपुर ७ कि लालो देवी यादव छन ।

राती करिब ९ बजे तीर उत्तर प्रदेशको बाँस गाउँ थान क्षेत्र अन्तर्गत गोरखपुर लिंक रोडमा नेपाली तीर्थ यात्री सवार स्कारपियो र विपरित दिशाबाट आउँदै गरेको ट्याक्टर एक आपसमा ठोकिदा उक्त दुर्घटना भएको भारतीय प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार घाइतेहरु मध्ये चार जनाको अस्पताल पुऱ्याउनु अघि नै निधन भएको गोरखपुर जिल्ला अस्तालका चिकित्सकले जनाएका थिए ।

प्रयागराजबाट साँझ ६ बजे निस्केको उक्त गाडी ३ घण्टा लामो जाम पछि ४० किलो मिटरको यात्रा तय गरी बल्ल लिंक रोड (हाइवे) मा प्रवेश गरे लगतै दुर्घटनमा परेको थियो । मृतको शव अहिले जिल्ला अस्पतालको शवगृहमा राखिएको र आवश्यक प्रक्रिया पश्चात आफन्तलाई जिम्मा लगाईने अस्पताल प्रशासनले जनाएको छ ।

# महाकुम्भ स्नानपछि अयोध्यास्थित राममन्दिर पुगेकी रोशनी एक सातादेवी वेपत्ता

**राजविराज**/भारतको उत्तरप्रदेशस्थित प्रयागराजमा लागेको विशाल महाकुम्भमा स्नान पश्चात अयोध्यास्थित राममन्दिर दर्शन गर्न परिवारसहित पुगेकी सप्तरीकी एक युवती एक सातादेखि वेपत्ता छिन ।



सप्तरीको राजविराज नगरपालिका ७ हटिया बजार निवासी २० बर्षिया रोशनी कुमारी साह यसरी वेपत्ता भएकी हुन ।

आमा फुलकुमारी, बुवा बिरेन्द्र र दाजु विकास सँगै फागुन ३ गते शनिबार (१५ फरवरी) का दिन राममन्दिर दर्शन पश्चात फर्किदै गर्दा मन्दिरको ३ नं. गेटमा अचानक उर्लिएको भिडभाडमा उनी सम्पर्क विहिन भएको परिवारजनको भनाई छ ।

बुवा बिरेन्द्र, आमा फुलकुमारी र दाजु विकास भारतीय नागरिक कुनौली निवासी समाजसेवी रंजित कुमार सिंहको सहयोगमा अहिले पनि भारतको अयोध्यामै बसेर रोशनीको खोजतलासमा जुटेका छन् । तर कतैबाट कुनै सुराक फेला पर्न सकेको छैन ।

परिवारजनले अयोध्यास्थित भारतीय प्रहरीका एसएचओ अभिमन्यु सुकला, सिओ अरुण श्रीवास्तव र सिएएसइआईओ आषुतोस तिवारी लगायतका प्रहरीका उच्च अधिकारी समेतलाई भेटेर खोज तलासमा सहयोग गर्न आग्रह गर्दै आएका छन् । तर अहिलेसम्म कुनै सफलता मिल्न सकेको छैन ।

भारतीय प्रहरीले मन्दिर परिसर तथा आसपासका सिसिटिभि क्याम्राका फुटेज पनि नियालेका छन् । जसमा उक्त दिन कालो सुरुवाल, गुलाबी कुर्ता र सेतो स्वेटेर लगाएकी रोशनी कालो व्याग भ्रुण्डयाएर मन्दिरको ५ सय मिटरको दुरीमा रहेको दन्तावन कुण्ड तर्फ बढीरहेको र सेतो टिसर्ट लगाएका तिन जना युवक एक आपसमा केही इसारा गर्दै उनलाई पच्छाइरहेको स्पष्ट देखिन्छ ।

कुण्डको गेट भित्र प्रवेश गरेपछि भने सिसिटिभि क्याम्रा जडान नभएका कारण त्यसपछिको अवस्था पत्ता लगाउन कठिन भएको भारतीय प्रहरी अधिकारीहरुको भनाई छ । यद्यपी खोज तलासको क्रम अहिले पनि जारी रहेको भारतीय प्रहरीलाई उदत गर्दै रोशनीका परिवारजनले जनाएका छन । तर भारतीय प्रहरीले भने फै सक्रियता नदेखाएको र आफुहरु बहिनीको खोजमा भौतारीनु परेको दाजु विकासको भनाई छ ।

सिसिटिभि फुटेजमा बहिनीलाई पच्छाई रहेका तिन जना युवकले अपहरण गरेको

*बाँकी अन्तिम पृष्ठमा*

# तलव दिने सहमति भएपछि मधेश कृषि विश्वविद्यालयको ताला खुल्यो



**राजविराज**/तलव दिने सहमति भएपछि राजविराजस्थित मधेश कृषि विश्वविद्यालयमा १० दिन अघि लगाईएको ताला शनिवार खोलिएको छ ।

जिल्ला समन्वय समिति सप्तरीमा बसेको सर्वपक्षिय बैठकमा आन्दोलनरत पक्षसँग तलव दिने र विश्वविद्यालयको अन्य समस्याबारे यथाशिघ्र सिनेट बैठकबाट निणर्य गर्ने सहमति भएपछि ताला खोलिएको हो ।

जिल्ला समन्वय समिति सप्तरीको अगुवाईमा बसेको सर्वपक्षिय बैठकमा मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंह र कृषि विश्वविद्यालयका रजिष्ट्रार भगवान ठाकुर, राजविराज [redacted] कार्यवाहक [redacted]रत परवीन, रुपनी गाउँपालिका अध्यक्ष दिनेश कुमार यादव, प्रमुख जिल्ला अधिकारी भोला दाहाल, प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडा, विभिन्न राजनीतिक दलका प्रतिनिधि सहभागि भएको जिल्ला समन्वय समिति सप्तरी प्रमुख शिवनारायण साहले जानकारी दिए ।

बैठकमा विश्वविद्यालयमा कार्यरत उपप्राध्यापक एवं कर्मचारीहरुको बाँकी बक्यौता तलव बैकल्पिक व्यवस्था गरी उपलब्ध गराउने र यसका लागि मधेश प्रदेशको शिक्षा तथा संस्कृती मन्त्रीलाई समेत सहयोगका लागि पत्राचार गर्ने निर्णय भएको उनले बताए ।

त्यस्तै विश्व विद्यालयमा देखिएको अन्य समस्या समाधानका लागि सिनेटको बैठक यथाशिघ्र बोलाउने र

*बाँकी अन्तिम पृष्ठमा*

**साइवर सुरक्षाबारे सचेत रहौं**

- अपरिचित लिङ्क वा मेल नखोलौं,
- चिट्ठा पर्यो भनि आएको मेल/लिङ्कहरूको विश्वासमा नपरौं,
- विभिन्न उपहार पठाउन रकम माग गरे विश्वास नगरौं,
- आफ्नो फोटो, भिडियो तथा व्यक्तिगत जानकारी जो कोहीसँग सेयर नगरौं,
- आकर्षक रोजगारी पाउने प्रलोभनमा रकम नपठाऔं,
- चिनजानकै व्यक्तिबाट मेसेजमा रकम माग गरेमा ह्याक भएको हुनसक्छ, त्यस्तो अवस्थामा रकम नपठाऔं,
- सार्वजनिक स्थानमा उपलब्ध फ्रि वाइफाइमा बैङ्किक कारोबार वा संवेदनशील जानकारी आदानप्रदान नगरौं।

**शंका लागेमा नजिकको प्रहरी वा साइवर व्युरोमा सम्पर्क गरौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### यौन तथा प्रजनन् स्वास्थ्यप्रति गम्भिर बनौं

अहिले पनि खासगरी ग्रामीण क्षेत्रमा महिलाहरुको यौन तथा प्रजनन स्वास्थ्यको अवस्था चिन्ताजनक नै छ। महिलालाई अहिले पनि सन्तान उत्पादन गर्ने मेशिनका रुपमा हेर्ने हाम्रा संकीर्ण आँखाहरु यथावत नै छन्। हुन् त महिलाहरुको स्वास्थ्य स्थिति सुधार्नका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय अनेकन प्रयासहरु भएकै हुन्। यस्ता प्रयासहरुबाट महिलाको स्थितिमा केही सुधार देखिएको छ तर, सन्तोषजनक भने छैन्।

सामाजिक, सांस्कृतिक तथा आर्थिक अधिकारको धारामा प्राथमिक स्वास्थ्यय सेवालाई राज्यको दायित्वको रुपमा पहिचान गरेको छ। स्वास्थ्य क्षेत्रमा महिलामाथि हुने भेदभाव विरुद्धको अधिकार प्रदान गरेको छ। महिला स्वास्थ्यका क्षेत्रमा नेपाल सरकारले गरेका प्रतिबद्धता र नीति कार्यक्रममहरु सह्रानीय हुँदाहुँदै पनि महिलाको प्रजनन् स्वास्थ्य अधिकार अधिकारकै रुपमा भने स्थापित हुन सकिरहेको छैन। अहिले पनि हाम्रा समाजमा महिलाले आफ्नो प्रजनन स्वास्थ्य अधिकार सम्बन्धि स्वतन्त्र रुपमा निर्णय गर्न सक्ने वातावरण बन्न सकिरहेको छैन। सानै उमेरमा आमा बन्नुपर्ने, धैरै सन्तान जन्माउनुपर्ने, अनिच्छित गर्भधारण गर्नुपर्ने जस्ता बाध्यकारी अवस्थामा कारण नेपालमा अहिले पनि बहुसंख्यक महिलाहरु पाठेघरको समस्याबाट प्रभावित हुन्छ।

महिला, किशोरकिशोरी र युवाहरुको प्रजनन् स्वास्थ्यलाई अधिकारका रुपमा स्थापित गरी प्रजनन् स्वास्थ्य सेवामा पहुँच बढाउनु आजको आवश्यकता हो। सूचना शिक्षा तथा ज्ञान प्रदान गर्न राज्यको दायित्व र प्रतिबद्धता हो। यसप्रति सम्बन्धित निकाय र सरकारले ध्यान पुर्‍याउनु आवश्यक रहेको छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# विटौरी जग्गाको समस्या समाधानका लागि प्रधानमन्त्रीलाई ज्ञापनपत्र



**राजविराज**/विटौरी जग्गाको समस्या समाधानका लागि प्रधानमन्त्रीलाई ज्ञापन पत्र पठाईएको छ।

बिटौरी जग्गा समस्याबाट पीडित नगरवासीहरुले नेपाली काँग्रेसका नेता इरसाद अन्सारीको संयोजकत्वमा संघर्ष समिति गठन गरि आन्दोलनको चेतावनीसहित प्रधानमन्त्रीलाई ज्ञापनपत्र पठाईएको हो।

संघर्ष समितिले राजविराजमा विरोध प्रदर्शन गर्दै संयोजक अन्सारीले सप्तरीका प्रमुख जिल्ला अधिकारी भोला दाहालमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र पठाएका हुन्।

प्रधानमन्त्री केपी शर्मा ओलीलाई पठाइएको ज्ञापनपत्रमा वि.स.२०१६ साल मै नगरपालिका घोषणा भई नगरको मुख्य सडक मेनरोड तथा भित्री सडकको दाँया बाया पुस्तौ देखी वसोवास गर्दै आएका नगरवासीले जग्गाधनी पुर्जा नपाउँदा समस्यामा परेको उल्लेख छ। राजविराजमा झण्डै ५ हजार २ सय परिवार वर्षौ देखी जग्गाधनीपूर्जा विहिन छन्।

बिटौरी रसिदका आधारमा वासोवास गर्दै आएका नगरवासीहरु जग्गाधनी पुर्जा नभएकै कारण बैंक तथा वित्तिय संस्थामा जग्गा धितो राखी ऋृण कर्जा लिनबाट बञ्चित रहेको लिने गरेका उनीहरु अहिले सो सेवा सुविधाबाट बन्चित भएको ज्ञापन पत्रमा उल्लेख गरिएको छ।

"विगत ८ वर्ष देखी श्रेस्ता र कम्प्युटरमा कुनै रेकंड नभएको भन्दै भुमिसुधार तथा मालपोत कार्यालयले रोक्का गर्न नमानेपछी नगरवासी बैक तथा वित्तिय संस्थाबाट पाउनुपर्ने सेवा सुविधाबाट बञ्चित छन" ज्ञापनपत्रमा उल्लेख छ।

विटौरी जग्गाको वर्षौ देखी कर लिदै आएको राजविराज नगरपालिकाले जग्गाधनी पुर्जा र नक्शापास समेत उपलब्ध नगराउदा बैंक तथा वित्तिय संस्थाले त्यस्तो जग्गा धितो राख्न मानेको संयोजक अन्सारीले बताए। "त्यसैले गर्दा यहाँको ब्यापार व्यवसाय चौपट हुनुका साथै शिक्षा, उपचार लगायतका कार्यमा समेत नगरवासीलाई समस्या परेको छ" अन्सारीले भने।

पुस्तौ देखी वसोवास गर्दै आएका आफ्नै जग्गा पनि समस्या पर्दा बैक तथा वित्तिय संस्थामा धितो राखेर ऋृण लिन नपाउनु दुःखद र निन्दनीय भएको ज्ञापनपत्रमा भनिएको छ।

७ दिनको समय सिमा दिएर आन्दोलनको कार्यक्रम सहित बुझाइएको ज्ञापनपत्रमा फागुन १५ गते राजविराजमा प्रर्दशन, तथा विरोधसभा, फागुन १८ गते राजविराज बन्द, फागुन २१ गते नगरका घर र पसलमा कालो झण्डा झुण्ड्याउने, फागुन २५ गते राजविराज नगरपालिका कार्यालयमा तालाबन्दी, फागुन २८ गते नापी र भुमिव्यवस्था मालपोत कार्यालयमा तालाबन्दी तथा चैत्र २ गते देखी गजेन्द्र चौकमा अनिश्चितकालिन रिले अनशन सूरु गर्ने संघर्ष समितिले गरेको निर्णयमा उल्लेख छ।

ज्ञापनपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी दाहालले तत्कालै सम्बन्धित निकायमा पठाउने प्रतिबद्धता जनाएको संर्घष समितिले जनाएको छ।

काँग्रेस सप्तरीका सचिव सनत मण्डल, जिल्ला कार्य समितिका सदस्य शम्मु लाल देव, नेविसंघका अध्यक्ष राकेश ठाकुर लगायतको उपस्थितीमा प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाईएको थियो। यसअघि सोमबार विहान नै बसेको नगरवासीको बृहत भेलाले अन्सारीको नेतृत्वमा ५१ सदस्यीय संघर्ष समिति गठन गरेको संयोजक अन्सारीले जानकारी दिए।

## लाखौं मुल्य बराबरको भन्सार छलेका सामान बरामद

**राजविराज**/सप्तरी प्रहरीले भन्सार छली अवैध रुपमा भारतबाट नेपालतर्फ विंगरमा ल्याउँदै गरेको लाखौं मुल्य बराबरको पेय पदार्थका साथै खाद्यसामाग्रिहरु बरामद गरेको छ।

इलाका प्रहरी कार्यालय कल्याणपुरबाट खटिएको प्रहरी टोलीले गस्तीका क्रममा चेकजाँच गर्दा उक्त सामाग्रिहरु बरामद गरेको जनाएको छ।

प्रहरीले जिल्लाको खडक नगरपालिका वडा नं. ८ भदिया सडक खण्डमा भारतको लौकही तर्फबाट बिसनपुरतर्फ आउदै गरेको ना.१ज. ८०७८ नम्बरको विंगर चेक जाँच गर्दा १६ लाख ४३ हजार ७ सय १३ रुपैया मुल्य बराबरको माउन्टेन डिउ, जिरा लगायतका खाद्यसामग्रीहरु बरामद गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

बरामद सामाग्रिसहित विंगर र चालक जिल्लाको खडक नगरपालिका वडा नं. ८ बस्ने ४३ वर्षिय भगवत चौधरीलाई प्रहरी टोलीले नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि भन्सार कार्यालय बुझाईएको जनाइएको छ।

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं।

अनुरोधकर्ता
खडक नगरपालिका
नगर कार्यापालिकाको कार्यालय
सप्तरी, मधेश प्रदेश

# विद्यार्थी संख्याका कारण अधिकांश विद्यालय संकटमा

**श्यामप्रसाद मैनाली**

नेपालका विद्यालयहरूमा विगत केही वर्षदेखि विद्यार्थीको सङ्ख्या घट्दो क्रममा छ। विद्यार्थीको घट्दो प्रवित्तिका बारेमा अध्ययन गर्नुपर्ने आवश्यकता छ।

कुन स्तरका विद्यालयहरूमा के-कति प्रतिशतले विद्यार्थी घट्दै गएका छन् ? त्यसको आधिकारिक तथ्याङ्क उपलब्ध छैन, त्यसैले प्रस्तुत गर्न सक्ने अवस्था छैन। तर यथार्थ र सत्य कुरा यो हो कि सबैतिर, सबै प्रकारका, तहका विद्यालयहरूमा विद्यार्थी भर्ना सङ्ख्या घट्नुका साथै ड्रपआउट सङ्ख्या बढिराखेको स्थिति छ।

प्राविधिक विषयहरूको अध्ययन अध्यापन गराउने महाविद्यालयहरूदेखि विद्यालयहरूमा समेत विद्यार्थीको चाप घटिराखेको छ। यो समस्या हाइस्कुल लेभलमा र महाविद्यालय एवं विश्वविद्यालय स्तरमा प्रत्यक्ष अनुभूति गर्न सकिन्छ। यसका कारणहरू पनि भिन्न-भिन्न छन्।

कतिपय कारणहरु यी सबै तहका र प्रकृतिका विद्यालयहरूमा समानसमेत देखिएका छन्। नेपालमा हालसम्मका यी सबै तहका विद्यालयहरूका प्रकृति र तह हेर्दा विभिन्न वर्गका विद्यार्थीहरू अध्ययन गर्नको लागि आफ्नो प्राथमिकतामा परेको विद्यालयसम्म आइपुगेका छन्। एउटा आर्थिक दृष्टिकोणबाट उच्च सम्भ्रान्त परिवार छ। उसलाई खर्च गर्नुको कुनै कठिनाइ छैन। अत्यन्त ज्यादा सुविधा प्रदान गर्न सक्ने विद्यालय र प्रचारप्रसारको माध्यमबाट आकर्षण गर्न सक्ने विद्यालयमा आफ्ना बालबच्चा पुऱ्याउने गरेका छन्।

उनीहरुलाई थोरै मात्र शिक्षाको गुणस्तरको बारेमा चिन्ता भएको पाइन्छ। यस्ता अभिभावकमा प्रदर्शनको प्रभाव अत्यन्त ज्यादा परेको छ। यस वर्गमा उच्च-मध्यम वर्गीय परिवारसमेत पर्दछन्। दोस्रो हो मध्यमवर्गीय परिवार, यस समूहका अभिभावकहरूलाई आफ्ना बालबच्चा कुन विद्यालयमा राख्दा गुणस्तरयुक्त शिक्षाको अवसर प्राप्त गर्दछन् ? उक्त विद्यालयमा शुल्कको दर के कति छ ? के कस्ता किसिमका सुविधा उपलब्ध भएका छन् ? आफ्ना बालबच्चाको सर्वपक्षीय प्रगति त्यस विद्यालयमा राख्दा सम्भव हुन्छ हुँदैन ? यसबारेमा विशेष चासो व्यक्त गरेको देखिन्छ।

अर्को वर्ग छ, ज्याला मजदुरी र काम गरेर केही रकम कमाउने। यस्ता वर्गले आफ्ना बालबच्चालाई सरकारी स्कुलमा राख्छन्। तर बोर्डिङ विद्यालयहरूमा भर्ना गर्ने तीव्र इच्छा हुन्छ। उसको आर्थिक अवस्थाका कारणले सम्भव भइराखेको हुँदैन। त्यसैले अत्यन्त कम शुल्क लिने न्यून स्तरका बोर्डिङ स्कुलमा उसले कठिनाइका साथ आफ्ना सन्ततिलाई भर्ना गर्दछ। यी सबै प्रकारका विद्यालयमा विद्यार्थी सङ्ख्या घट्दै गएकोचाहिँ यथार्थता हो।

अब यसरी विद्यालयहरूमा विद्यार्थी सङ्ख्या घट्दै जाँदा विशेष गरी न्यून शुल्क लिने गरी आएका विद्यालयहरू बन्द हुने अवस्थामा पुगिराखेका छन्। यसका कारणको बारेमा विश्लेषण गर्नु उपयुक्त हुनेछ। सर्वप्रथम नेपालमा जनसङ्ख्या घट्दो क्रममा छ। यसका केही कारणहरु छन्। पहिलो हो, परिवारको क्रयशक्ति अथवा आर्थिक अवस्था कमजोर बन्दै गएका कारण एक जोडीले एक सन्तान मात्रमा चित्त बुझाउने गरेका छन्।

सम्भ्रान्त परिवारमा पनि छिट्टै शारीरिक कमजोरीको महसुस हुने, वृद्ध भएको अनुभूति हुने भएकाले पनि धेरै बच्चा एकभन्दा बढीलाई जन्म नदिने प्रवृत्ति बढिराखेको छ। यसले गर्दा लामो समयमा नेपालको जनसङ्ख्या क्रमशः घट्दै जाने निश्चित छ। यसैको प्रभाव पनि पर्ने गरेको छ। नेपालमा संघीय शासन प्रणाली लागू भएपश्चात् पनि यसका मौलिक विशेषताहरू जस्तै- सन्तुलित विकासको सन्दर्भ अत्यन्त कमजोर बन्दै गएको छ। यही कारणले गर्दा जनसङ्ख्याको चाप विकसित शहरहरूमा मात्र बढिराखेको स्थिति छ।

परिणामस्वरूप गाउँघरमा प्रायः सरकारी विद्यालयहरू मात्र हुने, केही भएका छिटपुट बोर्डिङ विद्यालयहरूमा समेत विद्यार्थी घटिराखेका छन्। दोस्रो कारण हो, यस्ता नेपालका विद्यालयहरूबाट ग्राजुएट भएका विद्यार्थीले कुनै पनि प्रकारको रोजगारीका अवसर देशभित्र पाउन सक्ने अवस्था छैन। नेपालका महाविद्यालयहरूबाट उच्च शिक्षा हासिल गरेकाहरुले विदेशमा गएर पनि शिक्षाको स्तरअनुसारको पेसागत रोजगारी पाउन सक्दैनन्। यो अवस्थामा विद्यार्थी नेपालका विद्यालयहरूमा गरेको लगानीलाई अनुत्पादक सोचिराखेका छन्।

जब यो मनोविज्ञान अभिभावक र विद्यार्थीमा हुन्छ। त्यस अवस्थामा विद्यालयमा विद्यार्थी पठाउने आकर्षण स्वभावतः घट्ने नै भयो। नेपालका गुणस्तरीय जनशक्ति विदेशी भूमिमा आफ्नो गुजारा गर्न सक्ने किसिमले रोजगारीका अवसर प्राप्त गरिराखेका छन्। नेपालमा गुणस्तरयुक्त जनशक्तिको पनि अपेक्षित प्रकारले कदर हुन सकेको छैन। यसै कारणले गर्दा पनि राम्रा परिवारका गुणस्तरयुक्त विद्यार्थी उच्च शिक्षा हासिल गर्न अन्य देशमा पलायन हुने गरेका छन्। कमजोर आर्थिक अवस्थाका कारण पनि नेपाली नागरिकले आफ्नो सन्ततिलाई देशभित्र शिक्षा प्रदान गर्न सकेका छैनन्।

त्यसै कारणले गर्दा उनीहरु विदेशी भूमिमा गई सानोतिनो काम गरेर शिक्षा आर्जनका लागि खर्च जुटाउन सक्ने आफ्ना सन्ततिहरु देख्दा गौरव मान्छन्। यस्ता विद्यार्थीले विदेशी भूमिमा लामो समय काम गर्दछन्। केही रकम आर्जन गर्दछन्। त्यही रकमबाट बाँच्ने र शिक्षा आर्जन गर्ने काम गर्दछन्। परिणामस्वरुप आफ्नो शिक्षाको गुणस्तर पनि कमजोर हुन्छ, आर्थिक अवस्था पनि उल्लेखनीय सुधार गर्न सक्दैन, आफ्नो भूमिमा सेवा प्रदान गर्न पनि सक्दैनन्।

नेपाल सरकारले उपलब्ध गराएका पाठ्यक्रम र पाठ्यपुस्तकहरू पनि अहिलेको परिवर्तित सन्दर्भलाई खासै सम्बोधन गर्न सक्ने प्रकारले डिजाइन भएका हुँदैनन्। यही कारण हो विश्वबजारमा हाम्रा विद्यार्थीले अवसर प्राप्त गर्न सक्दैनन्। उदाहरणका लागि अहिले कृत्रिम बौद्धिकता, सूचना प्रविधिजस्ता विषयहरूलाई प्राथमिकतामा राखेर गुणस्तरयुक्त शिक्षा हामीले दिन सकेका छैनौं। यही कारण हो विश्वबजारमा हाम्रा उत्पादनहरु खपत हुँदैनन्।

नेपालमा लामो समयदेखि राजनीतिक अस्थिरताले जरा गाडेको छ। यही अस्थिरताका कारणसमेतले गर्दा भ्रष्टाचार व्याप्त भएको छ। देशको स्रोत-साधन सीमित व्यक्तिहरूमा केन्द्रित हुन पुगेको छ। शिक्षाजस्तो महत्वपूर्ण क्षेत्रमा राज्यले लगानी गर्न सकेको छैन। यस अवस्थामा देशको भविष्य नै सुनिश्चित देख्न नसकेका सचेत नागरिकहरू आफ्ना सन्ततिलाई कलिलै उमेरमा विदेश पलायन गराई आफ्नो आँखाबाट ओझेलमा पारेर उराठ लाग्दो जीवन व्यतीत गर्न बाध्य हुन्छन्।

सामान्यतया अन्य तहका विद्यार्थीहरू अथवा विशेष गरी हाइस्कुल स्तरमा कक्षा १२ सम्म अध्ययन गर्ने केही सङ्ख्याका विद्यार्थी नेपालमा रहेका छन्। जब कक्षा १२ उत्तीर्ण हुन्छन् तत्पश्चात् उनीहरूको गन्तव्य अपवादबाहेकका विद्यार्थीको देशबाहिर अध्ययन गर्ने बन्दछ।

विशेष गरी पश्चिमा देशहरू संयुक्त राज्य अमेरिका, क्यानडा, युरोप, जर्मनी, संयुक्त अधिराज्य, अस्ट्रेलिया, जापान आदि उच्च शिक्षा आर्जन गर्ने गन्तव्य मुलुकहरु हुन्। तर मलेसिया, दक्षिण कोरिया, भारत, खाडी मुलुकहरू इजरायल र यहाँसम्म कि पूर्वी युरोपका देशहरूसमेत नेपाली युवाहरुले रोजगारीका लागि आफ्नो गन्तव्य निर्धारण गरी आएको अवस्था छ। यसरी उच्च शिक्षा अध्ययनकै लागि विदेश पलायन हुनुको कारण पनि उल्लेख भएजस्तै छ।

जस्तै- शिक्षाको गुणस्तर यी देशहरुमा राम्रो हुने र शिक्षा आर्जन गरिसकेपश्चात् आफ्नो योग्यताअनुसारको काम पाउने सम्भावनासमेत प्रबल रहन्छ। विश्वबजारमा यस्ता गुणस्तरयुक्त शिक्षा प्राप्त गरेकाहरूले सहजै रोजगारीका अवसर प्राप्त गर्दछन्। नेपालका महाविद्यालय, विश्वविद्यालयहरूले प्रदान गरेका पाठ्यक्रमहरूभन्दा विदेशी विश्वविद्यालयहरूले पठनपाठनका लागि निर्धारण गरेका पाठ्यक्रमहरू अत्यन्त बृहत् प्रकारका छन्।

विद्यार्थीहरूको आ-आफ्नो चाहना र क्षमताअनुसारका विषयहरु सहजै उपलब्ध हुने गर्दछन् र ती आफ्ना इच्छाअनुसारका विषयहरू अध्ययन गरेर आफ्नो वृत्ति विकासको शृङ्खला अघि बढाउने चाहना उनीहरूमा तीव्र हुन्छ। नयाँ-नयाँ विषयहरूको खोज र अनुसन्धान गर्ने अवसरसमेत प्राप्त गर्दछन्।

यस प्रकारका शिक्षा आर्जन गर्न युवाहरू आकर्षित हुने नै भए। यस्ता विश्वबजारमा आफ्नो विश्वसनीयता प्रदर्शन गरिसकेका विश्वविद्यालयहरूले प्रदान गरेको शैक्षिक उपाधिधारीहरूले सहजै त्यसै देशहरूमा र अन्य देशहरुमा समेत रोजगारीका अवसर प्राप्त गर्दछन्। त्यस्ता विश्वविद्यालयहरूबाट शिक्षा आर्जन गर्न पाउँदा युवाहरू गौरव मान्छन्। अध्ययन कार्यको अन्त्य हुँदै गर्दा विभिन्न प्रकारका रोजगारी प्रदान गर्ने संस्थाहरुले उनीहरूलाई छनोट गरिसकेका हुन्छन्।

यसबाट बजारमा रोजगारीका लागि लामो समय खोजी गरिरहनुपर्ने अवस्थासमेत रहँदैन। अध्ययन-अनुसन्धान गर्न आवश्यक पर्ने कोष पनि उपयुक्त विद्यार्थीले प्राप्त गर्दछन्। नयाँ-नयाँ विषयमा ज्ञान हासिल गर्ने पर्याप्त अवसर यस्ता अत्यन्त राम्रा आधारशिलाहरु भएका सुविधासम्पन्न विश्वविद्यालयहरूमा पाइने गर्दछ। आफ्नो बौद्धिक क्षमताको विकास गर्ने पर्याप्त अवसर राम्रा विद्यार्थीले यस्ता विदेशी भूमिका विश्वविद्यालयहरूमा प्राप्त गर्दछन्। जीवन निर्वाह गर्ने नयाँ तरिकाहरू विभिन्न भाषा, भेषभूषा, संस्कृति, सभ्यताको जानकारी प्राप्त गर्दछन्।

आफ्नो ज्ञानको स्तरलाई अत्यन्त बृहत् बनाउन सक्छन्। बौद्धिक प्रतिस्पर्धा गर्ने क्षमता वृद्धि गर्न सक्छन्। विदेशी भूमिमा अध्ययन गरिरहेका विद्यार्थीले यदि उनीहरुले त्यही देशमा स्थायी बसोबास गर्न चाहेमा सो समेत प्राप्त गर्ने अवस्था बन्दछ। किनकि गुणस्तरयुक्त जनशक्ति सबै देशलाई आवश्यक पर्दछ। यस अर्थमा राम्रा विद्यार्थीलाई राम्रा विश्वविद्यालयहरूले आफ्नै विश्वविद्यालयमा राख्छन्। रोजगारीका अवसर प्रदान गर्दछन्।

अनुसन्धान कार्यमा संलग्न गराउँछन्। राष्ट्रले उनीहरुलाई नागरिकता प्रदान गर्दछ। यी सबै अवसरहरू नेपालमा उपलब्ध छैनन्, हुँदैनन्। त्यसैले १२ को परीक्षामा सामेल भएका अपवादबाहेकका विद्यार्थी सबै विभिन्न देशमा उच्च शिक्षा आर्जनका लागि प्रवेश आज्ञाको माग गरेर प्रतीक्षामा बस्छन्। नेपालका नीति निर्माताहरु आफ्नै देशभित्र यी सबै प्रकारका सुविधा उपलब्ध गराई आफ्ना होनहार युवाहरूलाई देशैभित्र सेवा गर्न पाउने अवसर प्रदान गरी देश लाभान्वित हुन सक्ने अवस्था बनाउन चुकेका छन्। उनीहरूको प्राथमिकतामा यो विषय छैन। तर युवाहरु विदेश पलायन गराई आफ्नो कुशासनलाई निरन्तरता दिने विषय नेपालका शासकहरु, राजनीतिज्ञहरू र नीति निर्माताहरुको प्राथमिकतामा परेको छ।

यस अवस्थाबाट नेपालमा विद्यार्थीको सङ्ख्या घट्दै जाँदा धेरै चुनौतीको सामना गर्नुपर्ने हुन्छ। सबैभन्दा पहिला शिक्षण संस्थाहरुमा वित्तीय संकट आइपर्ने हुन्छ। रोजगारीका अवसरहरु घट्दै जान्छन् भने शिक्षक-शिक्षिका र व्यवस्थापकीय जनशक्तिको अभाव देखिँदै जान्छ। राष्ट्रका लागि आवश्यक जनशक्तिको उत्पादन हुन सक्दैन। राम्रा जनशक्ति विदेशी भूमिमा सेवारत रहन्छन्। विद्यालयका आधारशिलाहरू विकास गर्न स्रोत-साधनको अपर्याप्तताको सामना गर्नुपर्ने हुन्छ।

शिक्षाक्षेत्रमा लगानी गर्नेहरू पनि पलायन हुँदै जान्छन्। त्यसैले सम्बन्धित निकायहरु विशेष गम्भीर हुनु जरुरी छ। सरकार, शिक्षण संस्थाहरू, समुदायहरू पनि यो समस्याको समाधानका लागि अग्रसर हुनुपर्दछ। समस्या समाधानका लागि योजना र ती योजनाहरूको सफल कार्यान्वयनको लागि सफल रणनीतिको तर्जुमा हुनु जरुरी छ। शिक्षण संस्थाहरूले गुणस्तरीय एजुकेसन प्रदान गर्नका लागि उद्योगीलगायतका सम्बन्धित सबै पक्षसँग सहकार्य गर्दै सम्बन्धित विज्ञहरूको राय-परामर्शका आधारमा यो संकटलाई कम गर्ने उपायहरूको बारेमा संयुक्त प्रयास जरुरी देखिएको छ।

सरकारले शिक्षाको क्षेत्रमा प्रशस्त लगानी गर्न सक्नुपर्दछ। यसका लागि द्विपक्षीय र बहुपक्षीय अनुदानका लागि पहलकदमी हुनु जरुरी छ। उद्यमीहरूसँग पर्याप्त छलफल गरी रोजगार प्रदान गर्ने निकायलाई आवश्यक पर्ने प्रकारको जनशक्ति उत्पादन गरी विद्यार्थीहरूमा देखिएको विश्वासको संकटको अवस्थालाई चिर्न सक्नुपर्दछ। शिक्षा क्षेत्रमा लगानी गर्न आकर्षित गर्ने प्रकारका नीतिहरू तय गरी लगानीकर्तामैत्री वातावरण तयार पार्नु जरुरी छ।

विशेष गरी प्राविधिक शिक्षामा विशेष जोड दिनुपर्दछ र ती उत्पादित जनशक्तिलाई विदेश पलायन हुनबाट रोकी देशभित्रै राख्ने रणनीति अख्तियार हुनु जरुरी छ। नेपालका शिक्षण संस्थाहरू केही अत्यन्त व्यापारी प्रवृत्तिमा अघि बढिराखेका छन्। उनीहरूलाई नियन्त्रण गर्ने सोचसम्म पनि सरकारले राख्न सकेको छैन। सरकारमा रहनेहरु नै शैक्षिक माफियाहरूसँग मिलिभगत गरी व्यक्तिगत स्वार्थ पूर्ति गर्न लालायित देखिन्छन्।

यसमा सुधार अत्यावश्यक छ। महँगो शिक्षा बोर्डिङ स्कुलहरुमा देखिँदै छ। त्यसैले सर्वसाधारण नेपालीले त्यस्ता विद्यालयहरूमा सहजै अध्ययन गर्न पाउने अवसर मिलाउने जिम्मेवारी र जवाफदेहिता सरकारले लिनुपर्दछ। किनकि विकसित देशहरुमा शिक्षा निःशुल्क गरिएको स्थिति छ। निजी क्षेत्रबाट सञ्चालित विद्यालयभन्दा सरकारी विद्यालयमा विद्यार्थीको चाप बढी भएको देखिन्छ।


यो अवस्था नेपालमा पनि कसरी सिर्जना गर्न सकिन्छ ? यो विशेष गरी सरकारकै जिम्मेवारीको विषय हो। यी व्यवस्थाहरू गर्न सकेको खण्डमा नेपालका शिक्षण संस्थाहरूले आफ्नो विश्वसनीय बढाउनेछन् र उल्लेख भएअनुसारका सबै प्रकारका समस्याको सही समाधान हुन सक्छ। त्यसपछि युवाहरू आफ्नै देशमा बस्न रुचाउनेछन्। अन्त्यमा राष्ट्र नै लाभान्वित हुने स्थिति बन्दछ।

न्यूज अफ नेपालबाट

# प्रजातन्त्रका लागि नेपाली जनताको संघर्ष

**हरिओम अर्याल**

राणाशासनको सुरुवात नेपालमा १९४७ सालमा भएको थियो, जब जंगबहादुर राणाले कोत पर्वपछि राजकीय शक्ति हातमा लिए । उनले नेपालमा राणावंशीय प्रधानमन्त्री प्रणाली स्थापना गर्दै शासकीय अधिकार केन्द्रीकृत गरे । यस व्यवस्थाले झन्डै १०४ वर्षसम्म नेपाललाई निरंकुश राणाशासन अन्तर्गत राख्यो ।



राणाशासनमा शिक्षामा प्रतिबन्ध, प्रेस स्वतन्त्रतामाथि रोक तथा केवल आफ्नो परिवार र निकट व्यक्तिहरूलाई मात्र सत्ता हस्तान्तरण गर्ने प्रवृत्तिले देशलाई पछाडि धकेल्यो ।

राणाशासनको अवधिभर राजाहरू केवल प्रतीकात्मक रूपमा दरबारभित्र सीमित थिए । प्रशासनिक, सैन्य र आर्थिक शक्ति राणाहरूले नै सञ्चालन गर्थे ।

राणाशासन मूलतः निरंकुश भए पनि केही राणाहरूले शिक्षा, कानुन र भौतिक पूर्वाधारमा योगदान गरेका थिए ।

लामो समयसम्म निरंकुश शासनका कारण जनता, सेना, तथा बौद्धिक वर्ग असन्तुष्ट हुँदै गए । नेपाली कांग्रेसले सशस्त्र क्रान्ति गर्दै प्रजातन्त्रको माग गऱ्यो । राजा त्रिभुवनले प्रजातन्त्रवादी शक्तिहरूसँग मिलेर राणाहरूको विरोध गरे । द्वितीय विश्वयुद्धपछि विश्वभर लोकतन्त्रको लहर चल्दा नेपालमा पनि यसको प्रभाव पऱ्यो । उता भारतले पनि प्रजातन्त्र पक्षधर शक्तिलाई सहयोग गऱ्यो र नेपालमा परिवर्तनको समर्थन गऱ्यो ।

गंगालाल श्रेष्ठ, शुक्रराज शास्त्री, धर्मभक्त माथेमा र दशरथ चन्द नेपालका वीर सहिदहरू हुन्, जसले राणाशासनको निरंकुशता अन्त्य गरी प्रजातन्त्र स्थापनाका लागि आफ्नो जीवन अर्पण गरे । उनीहरू नेपालमा जनताको स्वतन्त्रता, मानव अधिकार र समतामूलक समाज स्थापनाका पक्षधर थिए ।

शुक्रराज शास्त्री समाज सुधारक तथा राजनीतिज्ञ थिए, जसले नेपालमा प्रजातान्त्रिक विचारधाराको प्रचार गरे । उनले जनता शिक्षित हुनुपर्छ र शासकहरूलाई प्रश्न गर्नुपर्छ भन्ने अवधारणा फैलाए, जसका कारण उनलाई १९९७ सालमा फाँसी दिइयो । धर्मभक्त माथेमा प्रजातान्त्रिक आन्दोलनका एक प्रमुख अभियन्ता थिए, जसले युवा पुस्तालाई सचेत गराउँदै राणा शासनविरुद्ध संगठित गरे । उनलाई राणाहरूले झुन्ड्याएर हत्या गरे ।

गंगालाल श्रेष्ठ तथा दशरथ चन्द राष्ट्रप्रेमी युवाहरू थिए, जसले राणाशासनको अत्याचारविरुद्ध संघर्ष गरे । उनीहरूलाई सैनिक अदालतले मृत्युदण्डको सजाय सुनायो, तर अन्तिम क्षणसम्म उनीहरूले न्यायको पक्षमा दृढ अडान लिए । यी वीर सहिदहरूको बलिदानकै कारण नेपाली जनतामा प्रजातन्त्रप्रति जागरुकता फैलियो ।

कांग्रेसको नेतृत्वमा भएको राणाशासनविरोधी आन्दोलन अघि बढ्दै जाँदा जनताको समर्थन र प्रदर्शन बढ्दै पनि बढ्दै गयो । क्रान्तिको विचारधारात्मक नेता बीपी कोइरालाले भारतीय भूमिबाट संगठन विस्तार गरेका थिए । २००७ माघ २ गते नेपाली कांग्रेसले बिनासंघर्ष सत्ता हस्तान्तरण नहुने भन्दै विराटनगर, धनकुटा, र अन्य ठाउँमा सशस्त्र विद्रोह गऱ्यो । देशभरि राणाविरोधी आन्दोलन चर्कियो, जसका कारण राणाहरू कमजोर हुँदै गए ।

यस क्रान्तिमा बीपी कोइरालासँगै सुवर्णशमशेर, मातृकाप्रसाद कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई लगायत अग्रस्थानमा थिए । क्रान्तिका लागि सुवर्णशमशेर राणाले आर्थिक तथा कूटनीतिक सहयोग जुटाउने कार्य गरे । २००७ माघ ४ गते दिल्लीसम्झौताका लागि पहल गरियो । भारतको मध्यस्थतामा राणा प्रतिनिधि, राजा त्रिभुवन र नेपाली कांग्रेसबिच दिल्लीमा वार्ता भयो । सम्झौताअनुसार राणाशासन अन्त्य हुने, लोकतान्त्रिक सरकार बन्ने र नेपाली जनताको अधिकार सुरक्षित गरिने सहमति भयो । मोहनशमशेरलाई कार्यकारी प्रधानमन्त्री बनाई नेपाली कांग्रेसका नेताहरूसहित अन्तरिम सरकार बनाउने निर्णय भयो ।

राजा त्रिभुवन भारतबाट २००७ फागुन ४ गते नेपाल फर्किए र फागुन ७ गते सिंहदरबारबाट राजा उनले 'नेपालमा प्रजातन्त्र स्थापना भएको छ' भनेर औपचारिक रूपमा घोषणा गरे ।

२००७ सालमा प्रजातन्त्रको स्थापनासँगै नेपालमा शासन प्रणालीमा नयाँ परिवर्तनहरू भए । यद्यपि, पूर्ण लोकतान्त्रिक व्यवस्था आउन अझै धेरै संघर्ष आवश्यक थियो । यसपछि जनताले पञ्चायती व्यवस्था र राजाको प्रत्यक्ष शासनका विरुद्ध संघर्ष गर्नुपऱ्यो । यतिखेर हामी गणतन्त्रमा छौं । विभिन्न शक्तिहरू उदाएका छन् । व्यवस्था बदलिए पनि जनताको अवस्था बदलिएको छैन ।

रातोपाटीबाट

## अपराधिक कार्यमा संलग्नलाई बचाउन राजनीतिक दलका नेताहरु लागेको मन्त्री लेखीको आरोप

**राजविराज**/मधेश प्रदेश सरकारका गृह सञ्चार तथा कानुन मन्त्री राजकुमार लेखीले सिरहाकी रिंकु सदाको हत्या बारे अनुसन्धान गर्न गठित समितिको प्रगति विवरण सार्वजनिक गरेका छन् ।

गृह संचार तथा कानुन मन्त्रालय मधेश प्रदेशले आयोजना गरेको पत्रकार सम्मेलनमा उक्त प्रगति विवरण सार्वजनिक गरिएको हो ।

पत्रकार सम्मेलनमा बोल्दै मन्त्री लेखीले मधेशमा बलात्कार जस्तो जघन्य अपराधिक कार्यमा संलग्नलाई बचाउन राजनीतिक दलका नेताहरु लागेको बताएका छन् ।

उनले राजनीतिक दलका नेता भनाउनेहरु नै लाख दुई लाखमा बचाउन सक्रिय रहेको बताए ।

गत माघ ३० गते सिरहा नवराजपुरमा एक दलित किशोरी उपर भएको बलात्कार र हत्या घटनामा मन्त्री लेखीले जघन्य अपराधिक घटना मिलाउन, पञ्चायती गरि लाख दुई लाखमै चुप लाग भनेर सेलाउन दलहरुकै नेताहरु सक्रिय रहेको बताउँदै दुःख समेत व्यक्त गरेका छन् ।

उनले घटना स्थलका स्थानियहरु पनि यस्ता घटनाहरु लुकाउन अग्रसर देखिएर अपराधलाई प्रसय दिने कामहरु समाजबाटै भइरहेको आरोप लगाए । सरोकारवाला निकायलाई घट्नाबारे जानकारी दिएर उजागर गर्नुको साटो प्रहरीलाई मिलाएर घटना स्थानिय स्तरमै लुकाउने प्रयासमा वृद्धि भइरहेको उनको भनाई छ ।

अपराधी आफनै पार्टीको भएपनि यस्ता जघन्य अपराधमा संलग्नलाई कारवाहीको दायरामा ल्याइने उनले प्रतिवद्वता व्यक्त गरे ।

पत्रकार सम्मेलनमा मन्त्री लेखी संगै उपस्थित रहेका मधेश प्रदेशका प्रहरी नायव महानिरीक्षक लालमणी आचार्यले प्रहरी निरिक्षकको नेतृत्वमा एक विशेष टोली खटाएर घट्नाबारे अनुसन्धान भईरहेको जानकारी दिए । उनले अपराधी सम्म छिट्टै पुग्ने गरि प्रहरीले काम गरिरहेको बताए ।

## मनपरी ढंगले बजेट निर्धारण गरेको भन्दै विरोध

**राजविराज**/बलान विहुल गाउँपालिकाका उपाध्यक्ष रेणु यादव सहित ४ वडाध्यक्षले अध्यक्षले विशेष गाउँसभा गरेर मनपरी ढंगले बजेट निर्धारण गरेको भन्दै विरोध गरेका छन् ।

आफुहरुको अधिकार कटौती गर्ने मनसायका साथ अध्यक्ष खेमचन्द्र यादवले विशेष गाउँसभा सम्पन्न गरेको उनीहरुको आरोप छ ।

कुल ६ वटा वडा रहेको पालिकामा उपाध्यक्ष यादवसँगै वडा नम्बर १ का वडाअध्यक्ष राम कुमार यादव, वडा नं २ का वडाअध्यक्ष इन्द्र देव यादव, वडा नं ४ का वडाअध्यक्ष लक्ष्मी नारायण झा, र वडा नं ६ का वडाअध्यक्ष सूर्य कुमार दास विशेष गाउँसभाको विरोधमा उत्रिएका हुन् ।

गत फागुन २ गते अध्यक्ष यादवले विशेष गाउँसभा बोलाएर आफुहरुले संविधान कानुन बमोजिम पाएको अधिकार कटौती गर्दै मनपरी ढंगले बजेट निर्धारण गरेकोले सो निर्णय बदर गर्नुपर्ने उनीहरुको माग छ ।

आइतबार उपाध्यक्ष रेणु तथा ४ जना वडाअध्यक्षले पत्रकार सम्मेलनको आयोजना गरी गत असार १० गतेको गाउँसभाले पारित गरेको बजेट तथा निर्णय कार्यान्वयन नगरिए अध्यक्ष विरुद्ध आन्दोलन गर्ने चेतावनी समेत दिएका छन ।

पत्रकार सम्मेलनमा उनीहरुले उपाध्यक्ष र वडाअध्यक्षहरुको अधिकार सुनिश्चित हुनु पर्ने, पछिल्लो फागुन २ गते एकलौटी ढंगले गरिएको विशेष गाउँसभा बदर गरी गत असार महिनामा भएको गाउँसभाको निर्णय कार्यान्वयन हुनु पर्ने उनीहरुको माग छ ।

उनीहरुले न्यायिक समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, राजश्व परामर्श समिति र अनुगमन समितिका संयोजक तथा गाउँसभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्ने प्रमुख अधिकारीको रुपमा स्थानीय सरकार संचालन ऐनले नै उपाध्यक्षलाई संवैधानिक अधिकार प्रदान गरेको भन्दै उनको अनुपस्थितीमा एकलौटी ढंगले गरिएको विषेश गाउँसभाको निर्णयहरु कानुनी रुपमा पनि अवैध भएको जनाएका छन् ।

यता गाउँपालिका अध्यक्ष खेमचन्द यादवले विशेष गाउँसभा ऐन कानुन अनुसार नै गरिएको दावी गर्दै उनले स्थानीय सरकार संचालन ऐनको परिच्छेद ४ को बुँदा नं. १९ मा व्यवस्था भए बमोजिम विधि प्रक्रियामै टेकेर विशेष गाउँसभा गरेको जानकारी दिए ।

## धनुषामा विपन्न वर्गका लागि कृषिखाद्य परियोजना

**जनकपुर**/धनुषामा विपन्न वर्गका लागि कृषिखाद्य परियोजना सुरु भएको छ । विपन्न किसानहरुको सुधार र खाद्य सुरक्षा सुनिश्चित गर्ने उद्देश्यले प्रकृतिमा आधारित कृषि खाद्य परियोजना आजदेखि प्रारम्भ भएको हो ।

परियोजनाको मधेश प्रदेशका भूमिव्यवस्था कृषि तथा सहकारी मन्त्रालयका सचिव विनयकुमार कर्णले शनिबार आयोजित एक कार्यक्रममा शुभारम्भ गरे ।

आगामी चार वर्षसम्म सञ्चालन हुने उक्त परियोजना गणेशमान चारनाथ नगरपालिका, शहीदनगर नगरपालिका र जनकनन्दिनी गाउँपालिकासहित अन्य तीनवटा पालिकामा कार्यान्वयन गरिने जानकारी परियोजना शुभारम्भ कार्यक्रममा दिइएको छ ।

परियोजनाबाट धनुषाका पाँच हजार सीमान्तकृत परिवारको खाद्य सुरक्षामा सुधार गर्ने लक्ष्य छ । परियोजनाबाट दुई सय किसान समूह गठन गरी तिनमा आबद्ध सदस्यलाई बीउबिजनलगायत कृषि सामग्री पनि वितरण गरिनेछ ।

## कर्मचारी युनियनका पदाधिकारीलाई प्रमाणपत्र प्रदान

**राजविराज**/नेपाल निजामति कर्मचारी युनियन सप्तरीका नवनिर्वाचित पदाधिकारीलाई एक कार्यक्रमकाबीच प्रमाणपत्र प्रदान गरिएको छ ।

गत माघ २६ गते भएको युनियनको जिल्ला अधिवेसनले युनियनको अध्यक्षमा सुर्यकान्त झालाई पुनः जिम्मेवारी दिदै सर्वसम्मतले नयाँ कार्यसमिति चयन गरेको थियो ।

समितिको खुला उपाध्यक्षमा रामबाबु यादव, महिला उपाध्यक्षमा कमला सुवेदी र समावेशी उपाध्यक्षमा मनोज कुमार देव, सचिवमा दीपेन्द्र प्रसाद यादव, सह सचिवमा डम्वर कुमार खंग र कोषाध्यक्षमा बिरेन्द्र यादवलाई चयन भएको थियो ।

यसैगरि सदस्यहरुमा पंकज कुमार यादव, रमेश यादव, शिबकुमार साह, दिपेश कुमार चौधरी, महेश प्रसाद यादव, अर्जुन यादव, रंजना अधिकारी, दीपनारायण रजक, रोबिन कुमार झा, उदयकान्त झा, निरज यादव र पशुपति चौधरीलाई सर्वसम्मत चयन गरिएको थियो ।

नव निर्वाचित सबैलाई निर्वाचन समितिका संयोजक किशोर प्रसाद साह, सदस्य सूर्यनारायण यादव र बालकृष्ण ढुंगानाले नव निर्वाचित पदाधिकारीहरुले प्रमाणपत्र प्रदान गरे ।

# संविधान बनाउने दलहरु नै संविधान कार्यान्वयन गर्न सकेन : मन्त्री लेखी



**राजविराज**/मधेश प्रदेशका गृहसंचार तथा कानुन मन्त्री राजकुमार लेखीले संविधान बनाउने दलहरु नै संविधान कार्यान्वयन गर्न नसकेको आरोप लगाएका छन् ।

सप्तरीको छिन्नमस्ता गाउँपालिकामा राष्ट्रिय प्रजातन्त्र दिवसको अवसरमा गृहसंचार तथा कानुन मन्त्रालयको आयोजनामा आयोजित कार्यक्रममा मन्त्री लेखीले सो आरोप लगाएका हुन् ।

संविधानमा उल्लेखित स्वायत्त प्रदेश, स्वायत्त क्षेत्र र स्वायत्त इलाका कार्यान्वयनमा सरकार चुकेको बताउदै उनले संघीयता र गणतन्त्रलाई बलियो बनाउन प्रमुख दलहरु जिम्मेवार नभएको उल्लेख गरे ।

“काँग्रेस, एमाले र माओवादी मिलेर बनाएको संविधान कार्यान्वयनमा तीनै दल जिम्मेवार देखिएन” मन्त्री लेखिले भने, “पटक पटक यी तिनै दलले सरकारको नेतृत्व गरे तर, संघीयता बलियो बनाउन पुर्णरुपमा संविधानको कार्यान्वयन गर्न सकेको छैन् ।”

मन्त्री लेखिले संघीयता र समावेशीतालाई बलियो बनाउन संविधान अनुसारको कानुन संघीय सरकारले बनाउनुपर्नेमा जोड दिए ।

प्रदेश र स्थानिय सरकारबाट जनताले ठूलै अपेक्षा राखेपनी प्रदेश सरकारसँग त्यो अनुसारको बजेट नहुँदा समस्या भएको बताउँदै उनले भने, “७० प्रतिशत सम्म बजेट संघीय सरकारले राख्ने अनि प्रदेश र स्थानिय सरकारबाट बढी अपेक्षा राख्ने ।”

छिन्नमस्ता गाउँपालिका सप्तरीको सहआयोजनामा भएको कार्यक्रममा जिल्ला समन्वय समिति सप्तरीका प्रमुख शिवनारायण साहले आम जनतालाई प्रजातन्त्रको अनुभूति हुनेगरी काम गर्न आवश्यक रहेको बताए ।

छिन्नमस्ता गाउँपालिका अध्यक्ष विद्यानन्द चौधरीले आमजनताले प्रजातन्त्रको अनुभूती गर्न नसकेको गुनासो गरे । कार्यक्रममा सुरुङ्गा नगरपालिका प्रमुख गीता चौधरी, सप्तकोशी नगरपालिकाका प्रमुख कृष्णप्रसाद ढकालले व्यवस्था फेरिएपनि जनताको अवस्था नफेरिएको उल्लेख गरे ।

कार्यक्रममा मानव विकास केन्द्र जनकपुरका निर्देशक कुन्दन झाले नेपालमा प्रजातन्त्रको विकासक्रम बारे कार्यपत्र प्रस्तुत गरेका थिए भने नीति तथा योजना आयोग मधेश प्रदेशका सदस्य डा. शीला मिश्रले प्रजातान्त्रिक नेपालमा महिला सशक्तिकरण बारे प्रस्तुती गरेकी थिइन् ।

प्रजातन्त्र दिवसकै अवसरमा मन्त्री लेखी, जिल्लाका सुरक्षा निकायका प्रमुखहरु, पालिका प्रमुखहरुको सहभागितामा छिन्नमस्ता मन्दिर परिसरमा ११ हजार दीप समेत प्रज्जवलन गरिएको छ ।

# शिक्षकहरुको विभिन्न माग राखि मन्त्रालयलाई ध्यानाकर्षणपत्र

**राजविराज**/नेपाल शिक्षक महासंघ जिल्ला समिति सप्तरीले शुक्रवार शिक्षकहरुको विभिन्न माग राखि शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयलाई ध्यानाकर्षणपत्र बुझाएको छ ।

महासंघले शिक्षा विकास तथा समन्वय इकाई मार्फत शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयलाई ध्यानाकर्षणपत्र बुझाएको हो ।

विद्यालयमा कार्यरत कर्मचारीका सबै मागहरु सम्बोधन हुने, विद्यालय, विद्यार्थी, शिक्षक-कर्मचारी मैत्री अग्रगामी विद्यालय शिक्षा ऐन अविलम्व ल्याउन माग गर्दै आन्दोलन परिचालन समिति संयोजक दिनेश प्रसाद यादवले शिक्षा विकास तथा समन्वय इकाईका निमित्त प्रमुख रामबालक यादवलाई ध्यानाकर्षणपत्र बुझाएका हुन् ।

विगतमा महासंघले गरेको आन्दोलनको बलमा २०७५, २०७८ र २०८० सालमा नेपाल सरकारसँग भएका सहमती कार्यान्वयन गर्नुपर्ने माग गर्दै स्थायी, राहत, साविक उमावि, शिक्षण सिकाइ अनुदान, अस्थायी करार, प्राविधिक धार, विशेष शिक्षा, संस्थागत विद्यालयका शिक्षक लगायत सबै खालका शिक्षक र विद्यालय कर्मचारीको सबै माग सम्बोधन हुने शिक्षा ऐन संसदको यसै अधिवेशनबाट ल्याउनु आवश्यक रहेको ध्यानाकर्षणपत्रमा उल्लेख छ ।

“विद्यालय शिक्षा ऐन संसदीय प्रक्रियामा रहेकै बेला ऐनले सम्बोधन गर्नुपर्ने विषयमा आम शिक्षकको भावना विपरित निवृत्तीभरण सम्बन्धी अध्यादेश जारी हुनुले पनि यो कुराको पुष्टि गर्दछ” ध्यानाकर्षण पत्रमा भनिएको छ ।

सरकारकै निर्णयबाट हुनसक्ने बालकक्षा शिक्षक, विद्यालय कर्मचारी र संस्थागत विद्यालयका शिक्षकको लागि उचित तलवमान, शिक्षकको ग्रेड मिलान, शिक्षकको मर्यादाकम, शिक्षक अस्पताल, शिक्षक सरुवा कार्यविधिको खोरेजी, मासिक तलव भुक्तानी लगायतका माग पुरा गर्न सरकार उदासिन देखिएको बताउँदै अव आन्दोलनमा जानुको विकल्प नरहेको नेपाल शिक्षक संघ मधेश प्रदेशका अध्यक्ष परशुराम यादवले बताए ।

“पहिलो चरणका आन्दोलनका कार्यक्रम थालनी गरेका छौं । आन्दोलन अघि बढ्दै जाँदा आगामी चरणमा अवरोधात्मक, अवज्ञा बहिष्कार र काठमाडौं केन्द्रित सडक आन्दोलनका कार्यकमहरु लिएर हामी अघि बढ्नेछौं” ध्यानाकर्षण पत्र मार्फत चेतावनी समेत दिईएको छ ।

शिक्षक महासंघले संसदको हिउँदे अधिवेशनबाट विद्यालय शिक्षा ऐन जारी नभएसम्म आन्दोलन जारी रहने आन्दोलन परिचालन समितका संयोजक यादवले जानकारी दिए ।

ध्यानाकर्षणपत्र बुझ्दै शिक्षा विकास तथा समन्वय इकाईका निमित्त प्रमुख यादवले आफूले सम्बन्धित निकायमा ध्यानाकर्षणपत्र पठाउने प्रतिवद्धता जनाए ।

ध्यानाकर्षण पत्र बुझाउनु अघि शिक्षक महासंघको नेतृत्वमा शिक्षकहरुले केअमावि राजविराजबाट ऱ्याली निकालेर नगर परिक्रमा गर्दै शिक्षा विकास तथा समन्वय इकाइ सप्तरी पुगेका थिए ।


लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

अनुरोधकर्ता
शम्भुनाथ नगरपालिका
नगर कार्यापालिकाको कार्यालय
सप्तरी, मधेश प्रदेश


## अन्तर्राष्ट्रिय समाचार

### प्रतिशोधात्मक कर लगाउने राष्ट्रपति ट्रम्पको चेतावनी

**वासिङ्टन**/अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकी प्रविधि कम्पनीहरूमाथि डिजिटल कर लगाउने देशहरूमाथि प्रतिशोधात्मक कर लगाउने बताउनुभएको छ । डिजिटल करसम्बन्धी आदेशमा हस्ताक्षर गर्ने कि नगर्ने भन्ने प्रश्नमा ट्रम्पले छिट्टै यस्तो आदेशमा हस्ताक्षर गर्ने जवाफ दिनुभयो । उहाँले भन्नुभयो, “हामी त्यो (डिजिटल) कर लगाउने घोषणा गर्दैछौँ । अन्य देशहरूमा डिजिटल करका सम्बन्धमा उनीहरूले हामीलाई जे गरिरहेका छन् त्यो डरलाग्दो अवस्था छ । त्यसैले, हामी यसको घोषणा गर्न जाँदैछौँ ।”

ह्वाइट हाउसले यसै महिनाको सुरुमा जारी गरेको तथ्यपुस्तिकामा भनिएको थियो, “ केवल अमेरिकालाई मात्र अमेरिकी फर्महरूमा कर लगाउने अनुमति दिने अमेरिकासँग त्यस्तो कुनै संयन्त्र छैन र व्यापारिक साझेदारहरूले अमेरिकी कम्पनीहरूलाई डिजिटल सेवा कर भनिने कुनै पनि कुराको लागि बिल दिन्छन् ।”

ह्वाइट हाउसले भनेको थियो, “क्यानडा र फ्रान्सले यी करहरू प्रयोग गरेर अमेरिकी कम्पनीहरूबाट प्रतिवर्ष ५० करोड अमेरिकी डलरभन्दा बढी कर सङ्कलन गर्छन्। समग्रमा, यी गैर-पारस्परिक करहरूले अमेरिकी फर्महरूलाई प्रति वर्ष दुई अर्ब डलरभन्दा बढी अतिरिक्त रकम बराबरको खर्च लगाउँछन् ।”

हालैका वर्षहरूमा, धेरै युरोपेली देशहरूले आफ्नो देशमा गुगल, अमेजन, एप्पल र मेटाजस्ता ठूला प्रविधि कम्पनीहरूको सञ्चालनमा डिजिटल करको लागि सक्रिय रूपमा दबाब दिएका छन्, जसको संयुक्त राज्य अमेरिकाले कडा विरोध गरेको छ । ट्रम्पको पहिलो कार्यकालको दौडानमा उहाँले यी करका उपायहरूले अमेरिकी व्यवसायहरूलाई अनुचित रूपमा असर पारेको आरोप लगाउँदै धेरै व्यापार साझेदारहरूको डिजिटल सेवा करहरूमा ‘३०१ वटा अनुसन्धान’ शुरू गर्नुभएको थियो ।

जो बाइडनले कार्यभार सम्हालेपछि संयुक्त राज्य अमेरिकाले अक्टोबर २०२१ मा अस्ट्रिया, बेलायत, फ्रान्स, इटाली र स्पेनसँग डिजिटल सेवा कर विवादको सम्बन्धमा सम्झौता गरेको थियो र आर्थिक सहयोग र विकास सङ्गठन (ओइसिडी) को विश्वव्यापी कर सम्झौताको ढाँचा अन्तर्गत मुद्दा समाधान गर्न सहमत भएको थियो । तर जनवरी २० मा कार्यभार सम्हालेको पहिलो दिन ट्रम्पले ओइसिडी फ्रेमवर्कअन्तर्गत भएको विश्वव्यापी कर्पोरेट संस्थाका लागि  न्यूनतम कर सम्झौताको संयुक्त राज्य अमेरिकामा ‘कुनै प्रभाव’ नभएको भन्दै बाइडेन प्रशासनले लगभग १४० देशहरूसँग वार्ता गरेको सम्झौताबाट प्रभावकारी रूपमा पछि हटेको राष्ट्रपतिको आदेशमा हस्ताक्षर गर्नुभएको थियो । एजेन्सी

### ट्रम्पद्वारा प्रमुख क्षेत्रमा चिनियाँ लगानीमाथि कडा प्रतिबन्ध लगाउने आदेश

**वासिङ्टन**/अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शुक्रबार एक आदेशपत्रमा हस्ताक्षर गर्दै प्रविधि र महत्वपूर्ण पूर्वाधारजस्ता रणनीतिक क्षेत्रमा चिनियाँ लगानीमाथि अङ्कुश लगाउन आग्रह गर्नुभएको छ । विश्वका दुई ठूला अर्थतन्त्रबीच बढ्दो व्यापार तनाव र रणनीतिक प्रतिस्पर्धाका बेला यो कदम चालिएको हो । ह्वाइट हाउसले भनेको छ, “यसको उद्देश्य विदेशी लगानीलाई बढावा दिनु हो र अमेरिकी राष्ट्रिय सुरक्षा हितलाई ‘विशेष गरी चीनजस्ता मुलुकबाट उत्पन्न खतराहरूबाट’ रक्षा गर्नु हो ।”

ह्वाइट हाउसका अनुसार विशेष गरी, पत्रमा चीनलाई ‘आफ्नो सैन्य, गुप्तचर र अन्य सुरक्षा उपकरणहरूको विकास र आधुनिकीकरण गर्न संयुक्त राज्य अमेरिकाको पूँजीको बढ्दो दोहन’बारे लक्षित गरिएको हो । यसले अमेरिकामा विदेशी लगानी सम्बन्धी समिति (सीएफआईयूएस) लाई प्रविधि, महत्वपूर्ण पूर्वाधार, स्वास्थ्य सेवा र ऊर्जाजस्ता प्रमुख अमेरिकी क्षेत्रहरूमा चिनियाँ लगानीलाई प्रतिबन्धित गर्न प्रयोग गर्न आह्वान गरेको छ । सीएफआईयूएस संयुक्त राज्य अमेरिकामा विदेशी लगानीको राष्ट्रिय सुरक्षा प्रभावको तौल गर्ने एक समिति हो । ह्वाइट हाउसले भनेको छ, “राष्ट्रपति ट्रम्पले विदेशी शत्रुहरूलाई संयुक्त राज्य अमेरिकाको फाइदा लिनबाट रोक्ने आफ्नो वाचा पूरा गरिरहनुभएको छ ।

ट्रम्पले यस महिनाको सुरुमा चीनबाट आयात हुने सबै उत्पादनमा १० प्रतिशतको अतिरिक्त भन्सार शुल्क लगाएपछि शुक्रबारको आदेश आएको हो । बेइजिङले उक्त आरोपको विरोधगर्दै यसको खण्डन गरेको छ । गत बुधबार, अमेरिकी राष्ट्रपति ट्रम्पले चीनसँग व्यापार सम्झौता ‘सम्भव’ रहेको बताउनुभएको थियो । एजेन्सी

### गाजाका लडाकूहरूद्वारा इजरायली बन्धकहरू रिहा

**प्यालेस्टिनी क्षेत्र**/शनिबार गाजा पट्टीमा दुई सावधानीपूर्वक रेकर्ड गरिएका समारोहहरूमा भीडलाई उत्साहित गर्नुअघि हमासले केही विह्वल र अन्य हर्षित देखिन पाँच इजरायली बन्धकलाई प्रस्तुत गरेको छ । रफाहमा भएको पहिलो राम्रोसँग रिहर्सल गरिएको बिहानको समारोहमा हमास लडाकुहरू व्यवस्थित ढङ्गले उभिए जब उनीहरूले स्पष्टसँग कठिनाइका साथ हिँडिरहेका बन्धक ताल सोहम र अभेरा मेङ्गिस्टुलाई रेडक्रसलाई हस्तान्तरण गरे । पहिलेका बन्धक रिहाइहरूमा जस्तै पुरुषहरूलाई उनीहरूको कैदको अन्त्य चिन्हित गर्न हिब्रू भाषामा प्रमाणपत्र दिइयो र मध्यस्थकर्ताका रूपमा काम गर्ने रेडक्रसका सवारी साधनमा चढ्न सहयोग गरियो ।

हमासको सशस्त्र शाखा, एज्जेदिन अल-कस्साम ब्रिगेड्सका लडाकूहरूले फौजी पोशाक, बालाक्लाभा र हरियो हेडब्यान्ड लगाएर दर्शकहरूको भीडलाई रोक्न क्षेत्र वरिपरि घेरा बनाए । त्यस्तै खालको कार्यक्रममा पछि नुसिरातमा सयौंको हर्षित भीडलाई मुस्कुराउँदै बन्धक एलिया कोहेन, ओमेर शेम टोभ र ओमेर वेनकर्टले खौरिएको टाउकोका साथ मञ्चमा प्रवेश गरे । तीनै जना छोटो समयका लागि हमास लडाकूहरूसँगै मञ्चमा उभिए र एउटा क्यामेरा ड्रोन र एक फोटोग्राफरले क्षण कैद गर्दा भीडलाई हात हल्लाए । एजेन्सी

# वर्षौंदेखी जीर्ण रहेको सडक बन्ने भो



**राजविराज**/सप्तरीको रुपनी गाउँपालिका लक्ष्मीपुर, लवका टोल, नरहिया, लोवापुर र पिपराही लगायतका बासिन्दाहरुको अब दुःखका दिन हट्ने भएको छ ।

शहरी बिकाश मन्त्रालय अन्तर्गत स्थानीय पुर्वाधार बिकास आयोजनाको ४९ लाख ६७ हजार २ सय १२ रुपैयाँको लगानीमा लक्ष्मीपुर पम्पनहरदेखी लवका टोल कटैया, नरहिया हुदै लोवापुर पिपराही सम्मको सडक स्तरोन्नती कार्य शुरु हुने भएपछी उक्त क्षेत्रका जनताहरु वर्षौं देखीको समस्या समाधान हुन् लागेको हो ।

उक्त सडक स्तरोन्नती निर्माण कार्यको शनिबार एक कार्यक्रम बीच प्रतिनिधिसभा सदस्य दिनेश कुमार यादवले शिलान्यास गरेका छन् । शिलान्यास कार्यक्रमलाई सम्बोधन गर्दै उनले नयाँ निर्माण हुने सडकले यस क्षेत्रका मात्र नभई पुरै रुपनीबासीलाई फाइदा पुग्ने बताए ।

बिकासका बिभिन्न मेरुदण्ड मध्ये सडक पनि एक भएको भन्दै उनले यस क्षेत्रमा आर्थिक चहलपहल बढाउन र जनताको आवतजावतलाई सहज बनाउन जीर्ण रहेका बिभिन्न सडक खण्डको मरम्मत सम्भार र स्तरोन्नती कार्यमा समेत आफुले सक्दो पहल र सहयोग गर्ने प्रतिबद्धता जनाए ।

रुपनी गाउँपालिकाका अध्यक्ष दिनेश यादवले यो सडक निर्माण भए यहाका जनताको वर्षौं देखीको सपना साकार हुनुका साथै यहाँको बिकासले पनि गति लिने भन्दै समयमै सडक बनाई सक्ने गरी सबैले मिलेर सहयोग गर्नु पर्नेमा जोड दिए ।

उक्त निर्माण कार्य २०८२ जेठ १५ गते भित्र सम्पन्न गर्ने गरी शाह कन्स्ट्रकशन सिराहाले सम्झौता गरी ठेक्का पाएको रुपनी गाउँपालिका प्रमुख, प्रशासकिय अधिकृत उमेश कुमार यादवले जानकारी दिए । वडाध्यक्ष छेदी इसरको अध्यक्षतामा आयोजित शिलान्यास समारोहका प्रमुख जिल्ला अधिकारी भोला दाहाल, समाज सेवी राज कुमार यादव लगायतको पनि उपस्थिती रहेको थियो ।

### *तलव दिने सहमति ...*

आवश्यक निर्णय लिने समेत छलफलबाट निष्कर्ष निकालिएको छ ।

विश्व विद्यालयको ताला खुलेपछि फागुन ११ आईतवार देखिपठन पाठन संचालन हुने भएको छ । बैठकमा छोटो समय उपस्थित भएका मुख्यमन्त्री तथा विश्व विद्यालयका कूलपति सिंहले आगामी फागुन २० मा बस्ने सिनेटको बैठकबाट समस्या समाधानका लागि ठोस निर्णय लिने प्रतिवद्धता जनाए ।

विगत ७ महिना देखि तलव लगायतका अन्य सुविधा नपाएको भन्दै विश्वविद्यालयका उपप्राध्यापक तथा कर्मचारीले गत फागुन १ मा विश्वविद्यालयको शैक्षिक तथा प्रशासन लगायतका कक्षमा तालावन्दी गरेपछि पठन पाठन ठप्प भएको थियो ।

### *महाकुम्भ...*

हुन सक्ने आशंका समेत व्यक्त गर्दै उनले बहिनीको अवस्था पत्ता लगाई सकुसल उद्धारमा सहयोग गर्न सबै सँग आग्रह गरेका छन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले तिर्थयात्राका लागी भारतको अयोध्या पुगेकी राजविराजकी एक युवती परिवारजनसँग सम्पर्कविहिन भएको कुरा सुनिएको भन्दै सो बारे उनका परिवारजनले लिखित रुपमा जानकारी गराएपछि खोजतलासका लागी आफुहरुले पनि भारतीय उच्च प्रहरी अधिकारीहरु सँग समन्वय गरी आवश्यक पहल गर्ने बताए ।

# बिष खुवाएर मारेको आरोपमा दुई जना पक्राउ



**राजविराज**/हत्या गरेर फरार भएको अभियोगमा सप्तरी प्रहरीले दुईजना व्यक्तिलाई पक्राउ गरेको छ । एक महिलालाई बिष खुवाएर मारेको आरोपमा दुवै जनालाई प्रहरी पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा साविकको हर्दिया गाविस ६ (हाल सुरुङ्गा नगरपालिका २) घर भएका शुभनारायण यादव र बद्रीनाथ अधिकारी छन् ।

सप्तरीका प्रहरी निरीक्षक मनिष श्रेष्ठका अनुसार यादव र अधिकारी दुवैले साविक कमलपुर गाविस ७ बस्ने ३५ बर्षीया फुलोदेवी यादवलाई ८ भदौ २०६३ मा बिष खुवाएर मारेको थियो ।

फुलोदेवीलाई तत्कालिन हर्दिया गाविस ६ स्थित चौरमा घुमाउन बोलाई शुभनारायण यादवको घरमा लगी बिष खुवाएर मारेको पाइएको प्रहरी निरीक्षक मनिष श्रेष्ठले जानकारी दिए ।

घट्नापछि फरार रहेका दुवैजनालाई विशेष सूचनाको आधारमा पक्राउ गरि सोमवार सप्तरी जिल्ला अदालतबाट म्याद थप गराई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# शक्ति केन्द्रित प्रशासनिक संरचनाको पुनरावलोकन आवश्यक : मन्त्री लेखी

**जनकपुर**/मधेस प्रदेशका गृह, सञ्चार तथा कानुन मन्त्री राजकुमार लेखीले शक्ति केन्द्रित प्रशासनिक संरचनाको पुनरावलोकन आवश्यक रहेको बताएका छन् ।

राष्ट्रिय समाचार समितिको वार्षिक उत्सवको अवसरमा जनकपुरधाममा आयोजित कार्यक्रममा बोल्दै मन्त्री लेखीले यस्तो बताएका हुन् ।

संविधानले परिकल्पना गरेका स्वायत्त प्रदेश, स्वायत्त क्षेत्र, र स्वायत्त इलाकाहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्दा मधेससहित सम्पूर्ण प्रदेशहरू अधिकार सम्पन्न हुन नसकेको उनले गुनासो गरे ।

उनले भने, "संविधानले जिल्ला प्रशासन प्रणालीलाई आधिकारिक रूपमा चिनेको छैन । तसर्थ, सीडीओ कार्यालय, एसपी कार्यालय जस्ता निकायहरू खारेज गरी स्थानीय सरकारलाई थप अधिकार सम्पन्न बनाउनुपर्छ ।"

संविधानले प्रदान गरेका अधिकारहरूको पूर्ण कार्यान्वयनका लागि प्रमुख दलहरू नेपाली कांग्रेस, एमाले, माओवादी लगायतका मधेसवादी दलहरूले गम्भीर ध्यान दिनुपर्ने मन्त्री लेखीको भनाइ छ । संघीयता कार्यान्वयनको प्रभावकारिता बढाउन स्थानीय तहलाई थप सशक्त बनाउनेतर्फ सरकार प्रतिबद्ध रहेको उनले बताए ।

राष्ट्रिय समाचार समिति जनकपुर प्रमुख सुरेश झाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष पुरण गुप्ता, आमसञ्चार प्राधिकरणका पूर्वप्रमुख श्यामसुन्दर यादव तथा अन्य वक्ताहरूले सञ्चारमाध्यमहरूको दायित्व, पत्रकारिताको निष्ठा, र स्थानीय प्रशासन सुधारबारे आफ्ना विचार राखेका थिए ।


## साइवर अपराधबाट बचौं ।

- सामाजिक सञ्जाल वा अन्य माध्यममा अश्लील श्रव्य, दृष्य वा श्रव्यदृष्य पोष्ट वा शेयर, लाईक नगरौं,
- सामाजिक सञ्जालमार्फत कसैको चरित्रहत्या नगरौं,
- सामाजिक सञ्जालमार्फत अमर्यादित कार्य नगरौं,
- सामाजिक सञ्जाल मार्फत गालीगलौज नगरौं,
- सामाजिक सञ्जालमा भ्रमपूर्ण सूचना तथा समाचार नराखौं,
- विद्युतीय माध्यममार्फत कुनै ठगी नगरौं ।

**यस्तो कार्य गर्ने गराउनेलाई कानूनी कारवाही हुन्छ ।**
**कानूनी कारबाहीबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

## सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ । तर, यसबारे धेरैलाई जानकारी छैन् । धार्मिक पर्यटकदेखि रमणीयस्थलहरु छन् । धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन् । छिन्नमस्ता गाउँपालिकामा अविस्थत यो मन्दिरमा पूजापाठ गर्न टाढा टाढाबाट व्यक्तिहरु आउने गर्छन् । मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ ।

**कंकालिनी मन्दिर :** हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो ।

**शम्भुनाथ मन्दिर :** यो शम्भुनाथ नगरपालिकाभित्र छ । मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ । यहाँ बिक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ । साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ ।

**हनुमान मन्दिर :** हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ । कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन् । जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन् ।

**कोशी टप्पु :** कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन् । कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित बिभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ ।

**धारापानी क्षेत्र :** चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ । यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ ।

**लोहजारा दह :** तिरहुत गाउँपालिकामा रहेको छ यो दह । यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ । यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं । **सप्तरीका पर्यटकीय स्थलहरुको संरक्षणमा आ-आफ्नो तर्फबाट योगदान पुऱ्याऔं ।**

**जनहीतका लागि : उद्योग, बाणिज्य तथा पर्यटन मन्त्रालय, मधेश प्रदेश, पर्यटन विकास कार्यालय लहान, सिरहा**


**प्रकाशक :** श्रीमती सुमित्रा गुप्ता, **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, **फोन :** ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *saptahiknavin@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*